आज मिति २०८२ जेठ ०१ गतेका दिन बिहान ८:०० बजे यस मर्स्याङदी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

अन्य उपस्थिति :

इन्जिनियर :- श्री सुरेश गौतम



CamScanner

**मिति २०८२/०२/०१ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु :**

**निर्णय नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा :**

मिति २०८१/०१/०८ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो । साथै वडाको कार्य प्रगति बारे वडा अध्यक्ष ज्यूहरुको रिपोर्टिङ भयो । समिक्षा र रिपोर्टिङको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय नं.२ : आ.व. २०८२/०८३ को पहिलो गाउँ सभा सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको आ.व.२०८२/०८३ को वजेट, निती तथा कार्यक्रम प्रस्तुत गर्न पहिलो अधिवेशनको पहिलो बैठक मिति २०८२/०३ /१० गते विहान ११:०० वजे गाउँपालिकाको सभाहलमा गर्ने गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं ३ : आ.व.२०८२/०८३ को निती तथा कार्यक्रम संम्बन्धमा ।**

आ.व. २०८२/०८३ को निती तथा कार्यक्रमको मस्यौदा उपर विस्तृत रुपमा वडा वडामा छलफल गरि अर्को बैठकमा छलफल गरि पारित गर्ने निर्णय भयो । साथै आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम उपर छलफल गर्न र राय सुझावहरु संकलन गर्न मिति २०८२/०२/२० गते विहान ११:०० वजे गाउँपालिका स्तरिय राजनितिक दलका प्रमुख वा प्रतिनिधी, विभिन्न संघ संस्थाका प्रमुख वा प्रतिनिधीहरुको उपस्थितिमा भेलाको आयोजना गर्ने गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ४ : विभिन्न समितिहरुको बैठक तोक्ने सम्बन्धमा ।**

आ.व. २०८२/०८३ को वजेट, निती तथा कार्यक्रम तयारी सन्दर्भमा आवश्यक विभिन्न समितिहरुको बैठक निम्नानुसारको समयतालिका वमोजिम गाउँपालिकाको कार्यलयमा राख्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

- राजश्व परामर्श समितिको बैठक - मिति २०८२/०२/०४ गते, विहान ८:०० वजे ।
- सामाजिक विकास समितिको बैठक - मिति २०८२/०२/१२ गते, विहान ८:०० वजे ।
- पूर्वाधार विकास समितिको बैठक - मिति २०८२/०२/१३ गते, विहान ८:०० वजे ।
- सार्वजनिक सेवा तथा क्षमता विकास समितिको बैठक - मिति २०८२/०२/१५ गते, विहान ८:०० वजे ।
- आर्थिक विकास समितिको बैठक - मिति २०८२/०२/१६ गते, विहान ८:०० वजे ।
- वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक - मिति २०८२/०२/१८ गते, विहान ८:०० वजे ।
- विधायन समितिको बैठक - मिति २०८२/०२/१९ गते, विहान ८:०० वजे ।
- श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको बैठक - मिति २०८२/०२/२१ गते, विहान ८:०० वजे ।
- वजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक - मिति २०८२/०२/२२ गते, विहान ८:०० वजे ।

**निर्णय नं. ५ : मर्स्याङ्दी अस्पताल स्थापना तथा सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा ।**

मर्स्याङ्दी अस्पतालको स्थापना तथा सञ्चालनलाई थप प्रभावकारी बनाउन र कामको मार्ग निर्देश गर्न मर्स्याङ्दी अस्पताल स्थापना तथा सञ्चालन कार्यविधि, २०८२ गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : आ.व. २०८२/०८३ राष्ट्रपति कप आयोजना गर्ने सम्बन्धमा :**

आ.व. २०८२/०८३ मा आयोजना हुने राष्ट्रपति कप मर्स्याङ्दी गाउँपालिकामा सञ्चालन गर्ने गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ७ : सफा मर्स्याङ्दी गाउँपालिका अभियान सम्बन्धमा ।**

सन २०२५ जुन ५ तदनुसार २२ जेष्ठ २०८२ मा पर्ने विश्व वातावरण दिवसको अवसरमा सफा मर्स्याङ्दी **अभियान** को रुपमा निम्न समयतालिका अनुसार सरसफाई तथा सरसफाई सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु आयोजना गर्ने गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- मिति २०८१/०२/२० गते - ९ वटै वडा कार्यालयहरुमा वडा भित्रका सम्पूर्ण विद्यालय, संघ संस्थाहरुको प्रमुखहरु, टोल विकास समितिका अध्यक्षहरु बिच फोहोर व्यवस्थापन र सरसफाई कार्यक्रम सम्बन्धि छलफल तथा बहस कार्यक्रम आयोजना गर्ने ।
- मिति २०८१/०२/२१ गते - माईकिङ मार्फत सचेतनामुलक कार्यक्रम आयोजना गर्ने ।
- मिति २०८१/०२/२२ गते - गाउँ कार्यपालिका, वडा कार्यालयहरु, सम्पूर्ण विद्यालयहरु, वडामा क्रियाशिल सहकारी, वन समिति, युवा क्लब, आमा समुहहरु, टोल विकास संस्थाहरु लगायत अन्य संघ संस्थाहरु द्वारा सरसफाई तथा सचेतनामुलक कार्यक्रमहरु आयोजना गर्ने ।
- मिति २०८१/०२/२३ गते - सम्पूर्ण वडाहरुले आ-आफ्नो वडाका जनप्रतिनिधिहरु मार्फत सामाजिक अगुवाहरुको समेत सहयोग र समन्वयमा स्थलगत अनुगमन गरि सफा मर्स्याङ्दी अभियानको प्रभावकारीता बारे छोटो प्रतिवेदन तयार गरि गाउँपालिकाको कार्यालयमा पेश गर्ने ।

**निर्णय नं. ८. उपभोक्ता समिति मार्फत संचालन भइरहेका योजनाहरुको म्याद थप सम्बन्धमा:**

यस मर्स्याङदी गाउँपालिका अन्तरगत उपभोक्ता समिती मार्फत संचालनमा रहेका योजनाहरुको कार्यसम्पन्न गर्ने मिति २०८२ बैशाख मसान्त वा २०८२ जेठ १५ सम्म रहेका योजनाहरुको निर्माण कार्य सम्पन्न हुन नसकेको साथै कार्य सम्पन्न नहुदाँ काम अधुरो रहने साथै अर्को आ.व. को लागी थप दायित्व बढ्ने भएकाले सम्पन्न हुन नसकेका वा २०८२ जेठ १५ सम्म अन्तिम म्याद रहेका योजनाहरुको म्याद एकमुष्ठ २०८२ जेठ मसान्त सम्म म्याद थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।



CamScanner

**निर्णय नं ९ : खुदी-सिम्पानी-भलामचौर-घलेगाउँ सडकको म्याद थप सम्बन्धमा।**

मर्स्याङदी गाउँपालिकाको कार्यालयको वडा नं ९ मा रहेको प्रदेश सरकारबाट समपुरक अनुदान तर्फको योजना ठेक्का नं-01/MRM/ROAD/2081-82 (**Upgrading Works of Khudi-Simpani-Bhalamchaur-Ghalegaun Road,Marsyangdi-09,Lamjung** ) को यस मर्स्याङदी गाउँपालिका र **B & B Builders, Khalanga-01, Jajarkot** बिच मिति २०८२।०२।१५ भित्र सम्पन्न गर्ने गरि मिति २०८१।०८।०६ गतेमा सम्झौता भएकोमा उक्त योजनाको हाल सम्मको भौतिक प्रगति क्रमश ५०% र बित्तिय प्रगति क्रमश ३९.६२% रहेको छ। यस योजना निर्माण कार्यको क्रममा २०८२-०१-२६ गतेका दिन निज निर्माणव्यवसायीले विभिन्न कारण सहित म्याद थपको लागी निवेदन पेश गरेकोमा उक्त निवेदन उपर जाँचबुझ गर्दा कामदारको अभाव र विवादका कारण निर्माण कार्यमा अवरोध भएको साथै मिति २०८०-११-२१ गते नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सार्वजनिक खरिद नियमावली २०८०(१३ औं संसोधन) को दफा ३ को नियम १२० मा खरिद सम्झौताको अवधि थपसम्बन्धी विशेष व्यवस्था अनुसार उक्त फर्मले म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएको र समयमा भुक्तानी हुन नसकेको हुनाले निर्माण व्यवसायीले नयाँ Work Schedule पेश गरी उक्त Work Schedule मा फरक नपर्ने गरी प्रतिबध्दता समेत गरेको खण्डमा साथै सार्वजनिक खरिद नियमावली २०८०(१३ औं संसोधन) को दफा ३ को नियम १२०(क) बमोजिम कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबध्दता सहित निवेदन दिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने प्रावधान रहेकोले उक्त योजनाको म्याद मिति: २०८२-०३-१५ गते (१ महिना) अवधि सम्मको म्याद थप गर्ने निर्णय गरि सरोकारवाला निकायलाई पत्राचार गर्ने निर्णय गरियो।

**तपशिल:-**

| सि.नं. | विवरण | मिति देखि | मिति सम्म | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | सम्झौता मिति | २०८१।०८।०६ | २०८२।०२।१५ | १ वर्ष | शुरु सम्झौता |
| २. | पहिलो म्याद थप | २०८२।०२।१६ | २०८२।०३।१५ | १ महिना | का.पा बैठक |

**निर्णय नं १० : चमेना गृह सन्चालन सम्बन्धमा:**

यस मर्स्याङदी गाउँपालिकाको नवनिर्मित चमेना गृह सन्चालनको लागी दरभाउपत्र प्रस्ताव आह्वानको सुचना मिति २०८२-०१-१७ गते दोस्रो पटक प्रकाशित गरिएकोमा एउटा मात्र फर्म परेकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को ३(ख) उपनियम ३(क) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि आवश्यक सङ्ख्यामा सिलबन्दी दरभाउपत्र पेश हुन नआएमा पेश हुन आएका दरभाउपत्रमध्येबाट दरभाउपत्र स्वीकृत गर्न बाधा पर्ने छैन भनि उल्लेख गरिए बमोजिम यस कार्यालयमा म्याद भित्र पेश भएको मनिष खाजा घरले पेश गरेका सम्पूर्ण कागजात रितपूर्वक रहेको र दरभाउपत्रमा उल्लेख गरिएको अधिकतम मूल्यमा उक्त फर्मले पेश गरेको दरमा बराबर वा सो भन्दा कम भएकाले सो फर्मले कबोल गरेको दररेटलाई स्वीकृत गर्दै सुचनामा उल्लेख गरिएका सम्पूर्ण शर्तहरूलाई पुर्णरुपमा पालना गर्ने गरी २०८३ बैशाख मसान्त सम्मका लागी मनिष खाजा घरलाई चमेना गृह सन्चालनका लागि स्वीकृत गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं. ११ : बेसमेन्ट पार्किङमा हल निर्माण गर्ने सम्बन्धमा:**

यस मर्स्याङदी गाउँपालिका कार्यालयमा रहेको नवनिर्मित भवनमा हल रहेको साथै ठूलो सङख्यामा उपस्थितीको समयमा ठाउँ अभावलाई मध्येनजर गर्दै बेसमेन्ट पार्किङमा रहेको दक्षिण पट्टिको भागलाई प्रयोग गरी प्राविधिकको स्टिमेटको आधारमा रु.४,००,०००।- (चार लाख रुपैया मात्र)(विविध खर्च शिर्षकबाट) खर्च हुने गरी सो कार्य कोटेशन मार्फत निर्माण कार्य अगाडी वढाउने निर्णय गरियो।.

**निर्णय नं. १२ : आर्थिक सहयोग सम्वन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक,सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस गोष्ठि सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो।

- राष्ट्रकवि माधव प्रसाद घिमिरे पार्क उद्घाटन तथा सालिक अनावरण कार्यक्रम, मर्स्याङ्दी - ६, रु.७५,०००।- (पचहत्तर हजार रुपैया मात्र)
- मर्स्याङ्दी बहुमुखी क्याम्पस, वेसिशहर, लमजुङ रु.७५,०००।- (पचहत्तर हजार रुपैया मात्र) राष्ट्रिय अनुसन्धान सम्मेलन २०२५ को सहयोगार्थ।
- जिल्ला खेलकुद विकास समिति, लमजुङ रु. ७५,०००।- (पचहत्तर हजार रुपैया मात्र) जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ सञ्चालनार्थ।
- मनास्लु युवा क्लव, मर्स्याङ्दी -३, ढगौं रु.५०,०००।- (पचास हजार रुपैया मात्र) शहिद सुकमान गुरुङ स्मृति कप २०८२ आयोजना गर्न।
- पालिका भलिवल संघ, मर्स्याङ्दी गाउँपालिका रु. ५०,०००।- (पचास हजार रुपैया मात्र) प्रथम लमजुङ खेलकुद तथा सांस्कृतिक महोत्सवमा मर्स्याङ्दी गाउँपालिकावाट सहभागिताको लागि भए गरेका खर्च वापत।

२) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न. ५ मा उल्लेखित विपद् व्यवस्थापन कोष सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो।

- तराञ्चे पहिरो संरक्षण, मर्स्याङ्दी -७, रु. २,००,०००।- (दुई लाख रुपैया मात्र)
- सिंह बहादुर तामाङ, मर्स्याङ्दी - ४, रु.२०,०००।- (बिस हजार रुपैया मात्र ) घरको छाना हुरीले उडाई क्षति पुऱ्याएको।